सुदुरपश्चिम प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश आपतकालीन कार्य संचालन केन्द्र (PEOC)
धनगढी,कैलाली, नेपाल

ईमेल- peocsudurpaschim@gmail.com
फोन नं. -०९१-५२१३२४
मोबाईल.न.-९७६२३०९८२६

| पत्र संख्याः-२०८०।०८१ | चलानी नं.- | मिति २०८०।११।०७ गते । |
|---|---|---|

श्री गृह मन्त्रालय।
राष्ट्रिय आपतकालीन कार्य संचालन केन्द्र (NEOC) सिंहदरबार,काठमाण्डौ ।

## बिषयः-दैनिक घटना विवरण जाहेरी खुलाई पठाईएको सम्बन्धमा

उपरोक्त सम्बन्धमा यस आन्तरिक मामिला तथा कानुन मन्त्रालय मातहत रहेको प्रदेश आपतकालीन कार्य संचालन केन्द्र (PEOC) तथा यस प्रदेश मातहतका जिल्लाहरुमा स्थापना भएका जिल्ला आपतकालीन कार्य संचालन केन्द्र (DEOC) हरुको मिति २०८०।११।०६ गते बेलुका १७:०० बजे देखि मिति २०८०।११।०७ गते बिहान ७:०० सम्मको दैनिक विपद् संग सम्वन्धित घटना-विवरण निम्नानुसार रहेको ब्यहोरा सादर अनुरोध गरिन्छ।

निम्नः-

- जिल्ला दार्चुला

सवारी दुर्घटना सम्बन्धि

मिति २०८०।११।०६ गते २०:०० बजेको समयमा नौगाड गा.पा. २ सुन्नमुन्न स्थित भित्री सडकखण्डमा ग्वाल्लेक निर्माण सेवाको चालक जिल्ला बैतडी मेलौली न.पा.१ बस्ने अं. बर्ष २७/२८ को बिजेन्द्र सिंह नायकले चलाएको सु.प.प्र.०२००१ त १४२९ नम्बरको ट्याक्टर सिमेन्ट बोकी ऐ.ऐ. बासघर तर्फ जाने क्रममा अचानक ब्रेक फेल भई सडकबाट अं.१५० मीटर तल खस्न गई दुर्घटना भई उक्त ट्याक्टरमा सवार जिल्ला धनुषा नारायण न.पा. ५ गमरखोली घर भई उक्त निमार्ण सेवाको ओभरसियर बर्ष अं. ३०/३२ को राम सागर रावत घाईते भई जिल्ला अस्पताल दार्चुलामा उपचारको क्रममा २३:४० बजेको समयमा मृत्यु भएको, उक्त स्थानमा प्रहरी चौकी दल्लेख दार्चुलाबाट प्र.स.नि.को कमाण्डमा ४ जनाको टोली खटिईएको।